**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**
**आयोजना क्लष्टर इकाई, सप्तरी**

**सूचना नं. ०५**
**सूचना प्रकाशित मितिः २०७९/०४/१०**

**विषय : बजार पूर्वाधार सुधार/पूनर्स्थापना तथा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माणको लागि आवेदन पेश गर्ने बारे**

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई सप्तरी.को आ. व. २०७९/०८० को स्वीकृत वाार्षिक कार्यक्रम अनुसार ***उत्पादक कृषक समूहहरुको लागि बजार पूर्वाधार सुधार/पूनर्स्थापना तथा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माणमा लगानी सहयोग गर्ने*** कार्यक्रम रहेको छ। उक्त कार्यक्रममा सहभागीताका लागि तोकिएको योग्यता पुगेका उत्पादक कृषक समूहहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र मिति .**२०७९/०४/२४**.गते सम्म प्रस्ताव सहित तोकिए अनुसारका कागजातहरु सहित रितपूर्वकको आवेदन पेश गर्न यो सूचना आव्हान गरिएको छ। आयोजनाले तोकेका बालीनाली र पशुपन्छीजन्य उपजहरूको सहज बजार पहुँच गराउन कृषकहरूबाट उत्पादित उपजहरूको प्रशोधन मार्फत मूल्य अभिवृद्धि गरी कृषकहरूको आम्दानी बढाउन र बजार पूर्वाधारको उपयोग गरी कृषि तथा पशुपन्छीजन्य उपजहरूको उत्पादन तथा बजारीकरण क्रियाकलापहरुमा सहयोग हुने किसिमका बजार पूर्वाधार सुधार/पूनर्स्थापना वा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माण सम्बन्धी प्रस्ताव हुनु पर्नेछ। रितपूर्वकको आवेदन सहितको प्रस्ताव र आवश्यक कागजातहरु पेश भएका आवेदनहरू मात्र छनौटका लागि प्रक्रिया अघि बढाइने छ। बजार पूर्वाधार सुधार/पूनर्स्थापनामा लगानी सहयोग प्रति प्रस्तावको लागि आयोजनाको तर्फबाट अधिकतम रू. १० (दश) लाख सम्म र ह्याण्डलिङ्ग तथा प्रशोधन संरचनामा लगानी सहयोग प्रति प्रस्तावको लागि रू. १५ (पन्ध्र) लाख सम्म डिजाइन तथा लागत अनुमानको आधारमा रकम प्रदान गरिनेछ र उत्पादक कृषक समूहको लगानी योगदान कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ।

**कृषक समूहले पेश गर्नु पर्ने कागजातहरुः**

(क) अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन।
(ख) कृषक समूह गाउँपालिलकामा दर्ता भएको प्रमाण-पत्र तथा नविकरणको छाँयाप्रति।
(ग) कृषक समूहको स्थायी लेखा नम्वरको छाँयाप्रति।
(घ) अनुसूची-३बमोजिमको प्रस्ताव।
(ङ) बजार पूर्वाधार सुधार तथा पूनर्स्थापना वा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माणमा लगानी सहयोगका लागि आयोजना क्लष्टर इकाईमा प्रस्ताव सहित आवेदन गर्ने, लागत सहभागीतामा योगदान गर्ने र समूहको आधिकारीक व्यक्ति तोकेको सम्बन्धमा कृषक समूहको बैठकले गरेको निर्णयको छाँयाप्रति।
(च) प्रस्तावित बजार पूर्वाधार वा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माण गरिने जग्गा प्रयोगकालागि सम्बन्धित गाउँपालिकाको सिफारिश पत्रको छाँयाप्रति वा कृषक समूहले उपलव्ध गराएको जग्गाको प्रमाण वा भोगाधिकार सम्बन्धी लिखत कागजात।
(छ) वातावरणीय तथा सामाजिक सुरक्षणका मापदण्ड पालना गर्ने प्रतिबद्धता (अनुसूची-४)।
(ज) प्रस्तावित बजार पूर्वाधार वा ह्याण्डलिङ्ग, र प्रसोधन संरचना निर्माण वा सुधारको लागि गाँउपालिकाको सिफारिस।
(झ) प्रस्तावित बजार पूर्वाधार वा ह्याण्डलिङ्ग,र प्रसोधन संरचनाको मर्मत संभार तथा संचालनयोजना।